# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

**युवा उद्यम विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

यस कार्यालयको चालु आर्थिक बर्ष ०७७/०७८ को स्वीकृत बजेट कार्यक्रम तथा नगरपालिकाको युवा उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम योग्यता पुगेका र इच्छुक नगरका लक्षित युवा समूहबाट सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१.प्रस्ताव पेश गर्न सक्ने लक्षित समूहका युवाहरुको योग्यता तपसिल अनुसार हुनु पर्नेछ ।**

(क) सोह्र बर्ष उमेर पूरा भई चालीस बर्ष ननाघेका,

(ख) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट सजायँ नपाएका,

(ग) सरकारी चल अचल सम्पत्तिको दुरुपयोग नगरेका,

(घ) कम्तीमा आधारभूत तह (कक्षा-८) उतीर्ण गरेका र

(ङ) मानसिक सन्तुलन नगुमेका ।

माथि उल्लिखित युवाहरुको (कम्तीमा ३३ प्रतिशत युवा महिला सहित कम्तीमा ५ देखि १० जना युवा सहभागि रहेको) समूह ।

**२.लक्षित समूहको प्राथमिकीकरण देहाय अनुसार हुनेछ ।**

क) कोभिड-१९ महामारीको कारण विदेश/स्वदेश बाट रोजगारीको अवसर टुटन गई आफ्ना घर फर्किएका तथा सिमान्तकृत/उद्यमी एवं बेरोजगार युवाहरु,

ख) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालीम परिषद्, मेडपा, घरेलु तथा साना उद्योग विकास समिति, ब्यवसायिक तथा सीप विकास तालीम केन्द्र जस्ता उद्यम सम्बन्धि तालीम प्रदान गर्ने संस्थाबाट तालीम प्राप्त गरेका युवाहरु,

ग) रोजगारीको अवसरबाट वञ्चित युवाहरु ।

**३.प्रस्ताव पेश गर्न सकिने ब्यवसयिक क्षेत्रः**

(क) कृषि तथा पशुपंक्षीमा आधारित उद्यम /ब्यवसाय,

(ख) बन (जडिबुटी/बन पैदावर) मा आधारित उद्यम /ब्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम /ब्यवसाय,

(घ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे र रिसोर्ट) मा आधारित उद्यम /ब्यवसाय,

(ङ) निर्माण कार्यसँग सम्बन्धित उद्यम /ब्यवसाय,

(च) हस्तकला, मुर्तिकला र चित्रकलामा आधारित उद्यम /ब्यवसाय,

(छ) संस्कृति, साहित्य सिर्जना र गीत संगीतमा आधारित उद्यम /ब्यवसाय,

**४. प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

क) नगरपालिकाको उद्यम विकास शाखामा समूह दर्ता/नवीकरण गरेको प्रमाण पत्रको छाँयाँप्रति,

ख) युवाको हक हितको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा काम गर्ने उद्देश्य सहितको प्रस्तावनापत्र,

ग) अनुसूची-२ को ढाँचाको निवेदन र अनुसूची-३ को ढाँचा बमोजिमको ब्यवसायिक कार्ययोजना,

घ) समूहमा आवद्ध युवाहरुको नेपाली नागरिकता, राहदानी लगायत साविकमा रोजगारदातासँग भएको सम्झौतापत्र वा साविकमा रोजगारीमा संलग्न रहेको प्रमाण खुल्ने अन्य कागजातहरुको छायाँप्रति,

ङ) समूह तथा समूहमा आवद्ध युवा सदस्यहरु कालो सूचीमा नपरेको स्वघोषणापत्र ।

४. अनुसूची-२ को ढाँचाको निवेदन र अनुसूची-३ को ढाँचाको ब्यवसायिक कार्ययोजना यस कार्यालयबाट निशुल्क उपलब्ध हुनेछ ।

यस सम्बन्धी थप जानकारी लिनु परेमा ९८४२९४०६०७ सरिता तामाङ्ग र ९८५११६३३८० भिम बहादुर दर्जी लाई सम्पर्क गर्नु होला ।

२०७८/०२/१९

प्रवीण कोइराला
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०३७-५२०२१३ email:siddhicharanmunicipality@gmail.com website:siddhicharanmun.gov.np